# डुडुवा गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
बनकट्टी, बाँके

Website: - duduwamun.gov.np
Email: - duduwagaupalika@gmail.com

५न. प्रदेशनेपाल


### सिलबन्दी दरभाउ पत्र आव्हानको सूचना
सूचना प्रकाशित मिति २०७६/४/१४

यस कार्यालयका लागि तपशिल बमोजिमको कार्य सिलबन्दी दरभाउपत्र माध्यमबाट खरिद गर्नुपर्ने भएकोले सम्बन्धित इजाजत प्राप्त इच्छुक उत्पादक नर्सरी फार्म वा सोको आधिकारीक आपूर्तिकर्तावाट निम्न शर्तहरुको अधिनमा रही रितपूर्वकको सिलबन्दी दरभाउ पत्र आह्वान गरिएको छ।

१.यो सूचना प्रकाशित भएको मितिले १५ (पन्द्र) औं दिनभित्र रु.१०००।-(फिर्ता नहुने गरी) तिरी इच्छुक दरभाउपत्र दाताले लिखित निवेदनको साथमा नविकरण भएको इजाजत पत्र, आयकर प्रमाण पत्र, मूल्य अभिवृद्धि कर कार्यालयमा दर्ता गरिएको प्रमाणपत्र, अघिल्लो आर्थिक बर्षसम्म कर तिरेको कर चुक्ता प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपी यस कार्यालयमा पेश गरी खरिद गर्न सकिनेछ।

२.खरिद भएका दरभाउपत्र सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० बजेसम्म यस कार्यालयलाई सम्वोधन गरि शिलबन्दी खाममा फर्मको नाम, ठेक्का नं.,कामको विवरण र सम्पर्क नम्बर आदी प्रष्ट खोली दर्ता गराउनु पर्नेछ।

३.एक फर्म वा कम्पनीको नाममा खरिद भएको दरभाउपत्र अर्को फर्म वा कम्पनीको नामबाट दाखिला गर्न पाइने छैन्।

४.दरभाउ पत्र दर्ता हुने अन्तिम दिन दिनको २:०० बजे दरभाउपत्रदाता वा निजको अधिकार प्राप्त प्रतिनिधीहरुको रोहवरमा कार्यालयभित्र नै खोलिने छ। दरभाउपत्रदाताहरुको प्रतिनिधीहरु उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन। दररेट भर्दा अनिवार्य रुपमा अंक र अक्षरमा स्पष्ट भर्नु पर्नेछ। अक्षरमा लेखीएकोलाई मान्यता दिइने छ।

५.दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने र खोलिने अन्तिम दिन विदा पर्न गएमा त्यसको पछि लगत्तै कार्यालय खुलेको दिन क्रमशः सो कार्यहरु गरिनेछ।

६.दरभाउपत्र जमानत वापत तपसिल बमोजिमको रकम यस कार्यालयको नाममा रहेको एन.आई.सि. एसिया बैंक लि. नेपालगञ्जमा रहेको खाता न. २०४१४९८३८५५२४००१ ग-३ धरौटी खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त वित्तिय संस्थाबाट यस कार्यालयका नाउमा जारी भएको कम्तिमा पनि ७५ दिन म्याद भएको बैंक जमानत संलग्न गर्नुपर्नेछ।

७.म्यादभित्र दर्ता हुन नआएका, रीत नपुगेको तथा अन्य कुनै शर्त राखेको दरभाउपत्र उपर कुनै किसिमको कारवाही हुनेछैन।

८.पेश भएको दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ।

९.दरभाउपत्र दाताहरुले खरिदगर्ने सामाग्रीको सम्बन्धमा राम्ररी अध्ययन गरी दरभाउपत्र भर्नुपर्ने छ।

१०.यस सूचनामा नपरेका अन्य कुराहरुको हकमा प्रचलीत कानुन बमोजिम हुनेछ।

११.फलफूल बिरुवामा बागवानी विकास कार्यक्रम नियम बमोजिम हुनेछ। साथै बिरुवाको ढुवानी गाँउपालिकाको प्रत्येक गाँउ सम्म गरिनु पर्छ।

१२.कुनै किसिमको अन्य जानकारी चाहिएमा यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ।

तपसिल

| क्र. सं. | ठेक्का नं. | आयोजनाको नाम | कामको विवरण | लागत इष्टिमेट रकम रु. | धरौटी रकम रु. | दरभाउपत्र दस्तुर |
|---|---|---|---|---|---|---|
| १ | SQ\WORKS\DDRM\002\076-77 | कृषि कार्यक्रम | फलफूल बिरुवा खरिद | १२,४७,१२५।- | ३१,५००।- | १०००।- |

२०७६/४/१३

प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत